Nepali

# Flying Start for kids



## गत्ताको बक्साहरूसँग खेल्ने:

### २ देखि ६ वर्षको उमेरका बच्चाहरूका लागि गतिविधिहरू

गत्ताको बक्साहरू साना बच्चाहरूमा रचनात्मकता र कल्पनाशक्ति बढाउनको लागि उत्कृष्ट वस्तुहरू हुन् ।

यी बहुउपयोगी वस्तुहरूलाई महल, पसल, गुफाहरू, र थप जस्ता विभिन्न खेल परिदृश्यहरूमा रूपान्तरण गर्न सकिन्छ। बक्साहरूसँग संलग्न हुनाले बच्चाहरूले विचारहरूलाई जीवन्त बनाउन आफ्नो कल्पनाशक्ति प्रयोग गर्दा समस्या समाधान गर्ने सीपहरू विकास गर्न मद्दत मिल्छ।

बक्साहरूले शारीरिक खेललाई पनि प्रोत्साहन दिन्छन्। बच्चाको कल्पनाशक्ति असीमित हुन्छ।



## तपाईंलाई के चाहिन्छ

- **शिल्प सामग्रीहरू:** कैंची (सुपरिवेक्षण गरेर), गम, टेप, रंगीन मार्करहरू, क्रेयन्स (मैनको रङ्ग लगाउने कलमहरू), सामग्री, रंगीन कागज, फोएल, कपडा, कागजका प्लेटहरू, पप स्टिकहरू, सेलोफेन, र्‍यापिङ पेपर (बेर्ने कागज)।
- **अन्य घरायसी, खेलौनाका सामानहरू:** कुसन, चिया सेट, खेलौना, कठपुतली, मोजा, कपडा, पाना, कुर्सी, टेबलहरू।



## खेललाई कसरी प्रोत्साहन गर्ने

आफ्नो बच्चालाई खेलको दिशामा आफैं नेतृत्व गर्न दिनुहोस् र सामग्रीहरू अन्वेषण गर्दा सहयोग र समर्थन प्रदान गर्नुहोस्। **'म सोच्दै छु, तिमीले यी बक्साहरूको के बनाउन सक्छौ होला?'**, वा **'तिमीले अरू के थप्न सक्छौ?'** जस्ता खुला प्रश्नहरू सोध्नुहोस्। तपाईंको बच्चालाई आवश्यक पर्दा सहयोग प्रदान गर्नुहोस् र निर्णय लिन, समस्याहरू समाधान गर्न र सामग्रीहरूबारे बुझ्न तिनीहरूलाई मद्दत गर्नुहोस् (उनीहरू सबै थोक जान्ने हुनु पर्दैन)।

## खेल वातावरण कसरी तयार पार्ने

यदि तपाईंको बच्चालाई हौसला चाहिन्छ भने, तपाईंले तिनीहरूलाई खेल वातावरण तयार पार्न प्रोत्साहित गर्न सक्नुहुन्छ जस्तै:

**एयरपोर्ट वा कार पार्क:** बक्सा प्रयोग गरेर गाडी बनाउनुहोस्, त्यसपछि पाङ्ग्रा, पखेटा वा छानो लगाउनुहोस्। आफ्नो बच्चालाई सोध्नुहोस्, **'अरू के चाहिन्छ?'**। बच्चालाई नै सजावट गर्न र वस्तुहरू थप्न दिनुहोस्। उनीहरूको रचनात्मकतालाई पछ्याउनुहोस्।

**भवन, घर, महल वा लुक्ने ठाउँ:** ठूलो बक्साबाट सुरु गर्नुहोस् र आफ्नो बच्चालाई सोध्नुहोस्, **'हामी घर भित्र कसरी पुग्छौं?'**, **'घरलाई अरू के चाहिन्छ?'**। कल्पनाशील खेललाई बढाउन आफ्नो बच्चालाई  कुशन, चियाको सेट जस्ता वास्तविक वस्तुहरूलाई उनीहरूको सृजनामा प्रयोग गर्नेबारे विचार गर्न दिनुहोस्।

**पोशाक पार्टी:** सोध्नुहोस्, **'बक्साहरू प्रयोग गरेर तिमी कस्तो प्रकारको पात्रमा परिणत हुन सक्छौ?'**। विभिन्न आकार र प्रकारका सामग्रीहरू उपलब्ध गराउने विचार गर्नुहोस्, सायद पोशाकको लागि हात वा खुट्टा बनाउन केही चिज बेर्नुहोस्।

**पपेट (कठपुतली) थिएटर:** ढोका र झ्याल काटेर बक्साबाट कठपुतली थिएटर सिर्जना गर्नुहोस्, पर्दा थप्नुहोस् त्यसपछि आफ्नो बच्चालाई कथा सिर्जना गर्न गत्ताको बक्सामा कोरिएका कठपुतली, खेलौना वा पात्रहरू प्रयोग गर्न प्रोत्साहित गर्नुहोस्। तपाईंको बच्चाले मोजाको कठपुतली वा आफ्नो हात पनि प्रयोग गर्न सक्छन्।



**संवेदी खेल:** तपाईंको बच्चालाई सामग्रीहरू चलाउन दिनुहोस् र तिनीहरू कस्तो महसुस हुन्छन्, विभिन्न बनावटहरू कस्तो लाग्छ भनेर छलफल गर्नुहोस् - ढाँटिलो, चिप्लो, नरम, कडा?

**सक्रिय खेल:** तपाईंको बच्चालाई सुरुङ वा ज्याक-इन द बक्सको रूपमा त्यो बक्सा भित्र र वरिपरि चढ्न प्रोत्साहित गर्नुहोस्।

## विभिन्न उमेर र क्षमताहरूका लागि खेल अनुकूलन गर्ने

अवसरहरू अनन्त छन्। तपाईंको बच्चालाई नेतृत्वकर्ता बन्न, गल्ती गर्न र सिक्ने क्रममा समस्याहरू समाधान गर्न अनुमति दिनुहोस्।

- **साना बच्चाहरूलाई** आफ्ना विचारहरूलाई जीवन्त बनाउन थप निर्देशन र समर्थनको आवश्यकता पर्न सक्छ।
- **ठूला बच्चाहरूले** मार्गदर्शन खोज्न सक्छन् तर तिनीहरूलाई समस्या समाधान गर्न अनुमति दिनुहोस्, जस्तै सामग्री कसरी जोड्ने वा विभिन्न गतिविधिहरूको लागि बक्साहरू कहाँ राख्ने भन्ने निर्णय गर्ने।

Government of South Australia

**यहाँ थप जान्नुहोस्:**
गत्ताको बक्साहरूसँग खेल्ने:
**२-६ वर्षका उमेरका | बालबालिका हुर्काउने सञ्जाल**